# साँगुरीगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड-२, संख्या-३, मिति : २०७५/०३/२५

## भाग-१

## साँगुरीगढी गाउँपालिका, धनकुटा

# साँगुरीगढी गाउँपालिकाको आर्थिक ऐन, २०७५

**प्रस्तावना** :

साँगुरीगढी गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संचालन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले, गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :(१) यस विधेयकको नाम "आर्थिक विधेयक, २०७५ रहेको छ ।

२) यो विधेयक गाउँ सभाबाट पारित भै सकेपछि आर्थिक ऐन २०७५ को रुपमा २०७५ साल साउन १ गतेदेखि साँगुरीगढी गाउँपालिकाका क्षेत्र भित्र तुरुन्त लागु हुनेछ ।

२. **सम्पति कर** : साँगुरीगढी गाउँपालिकाको क्षेत्र भित्र अनुसूची १ बमोजिमको सम्पति कर लगाईने र अशुल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत )** : साँगुरीगढी गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाईने र असुल उपर गरिने छ ।

४. **घर बहाल कर** : साँगुरीगढी गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसुचि (३) बमोजिम घर जग्गा वहाल कर लगाईने र असुल गरिनेछ ।

५. **व्यवसाय कर** : साँगुरीगढी गाउँपालिकाका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसुचि (४) बमोजिम व्यवसाय कर लागाइने र असुल उपर गरिनेछ ।

६. **जडिबुटि, कवाडी र जिवजन्तु कर**: साँगुरीगढी गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटि, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला, जस्ता बस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसुचि (५) बमोजिमको कर लागाईने र असुल उपर गरिनेछ ।

७. **सवारी साधन कर** : साँगुरीगढी गाउँपालिकाका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **विज्ञापन कर** : साँगुरीगढी गाउँपालिकाका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसची (७) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानून

स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **मनोरञ्जन कर** : साँगुरीगढी गाउँपालिकाका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसुचि (९) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी कर** : साँगुरीगढी गाउँपालिकाका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (१०) मा उल्लेख भए अनुसार सार्वजनिक पर्ती ऐलानी जग्गा, हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क** : साँगुरीगढी गाउँपालिकाका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (११) बमोजिम पार्किङ शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग, कोयोकिङ, क्यान्योइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्क** : साँगुरीगढी गाउँपालिकाको आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिङ, क्यान्योइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूची (१२) बमोजिम शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुर** : साँगुरीगढी गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (१३) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क असुल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्क** : साँगुरीगढी गाउँपालिकाको आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसुचि (१४) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१५. **बिक्री तथा निकासी शुल्क** : सागुँरीगढी गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुंगा, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुंगा, आदि प्राकृतिक एवं खानीजन्य, वस्तुहरुको विक्री गर्न सक्नेछ । साथै आफ्नो क्षेत्रभित्र उत्पादन भै आफ्नो सिमाक्षेत्र बाहिर निकासी हुने ढुंगा,गिट्टी,, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुंगा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको वाह्य निकासीमा अनुसूचि १५ मा उल्लेख भए अनुसार दरमा बिक्री तथा निकासी शुल्क लगाइनेछ ।

१६. **कर छुट** :यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७. **कर तथा शुल्क सम्बन्धी कार्यबिधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि साँगुरीगढी गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

१८. **दण्ड र जरिवाना** : यस ऐनको उल्लंघन वापत हुने विभिन्न किसिमका दण्ड र जरीवाना यस ऐनमा उल्लेख भएको अनुसूचि १६ मा व्यवस्था भए अनुसार हुनेछ ।

## अनुसूची १
### (दफा २ सँग सम्बन्धित)
### १. साँगुरीगढी गाउँपालिकाद्धारा निर्धारित आ.व २०७५/७६ का लागि सम्पत्ती करको मूल्यांकन विवरण

**१.१) वडा नं. १ (साविक बूढिमोर□ गा.वि.स.)**

क) साविक बूढिमोर□ गा.वि.स. वार्ड नं. ८ (लाबरबोटे बजार क्षेत्र) का कोशी राजमार्ग सडकबाट ३० मि. सम्मका तपसिलका कि.नं. भएका जग्गाहरु प्रतिरोपनी **रु. ७,००,०००।(**

क.१) साविक बूढिमोर□ गा.वि.स. वार्ड नं. ८ (लाबरबोटे बजार क्षेत्र) का ३० मि. पछाडिका माथि उल्लेखित कि.नं. को प्रतिरोपनी **रु.१,७५,०००।(**

ग) लावरवोटे वूढीमोर□ ग्रामिण सडकले छोएको ३० मिटरसम्मका साविक वार्ड नं. ५, ७, ८, का जग्गाहरु प्रतिरोपनी **रु.२,००,०००।(**

**ग१**) लावरवोटे वूढीमोर□ ग्रामिण सडकले छोएको ३० मिटर पछाडिका साविक वार्ड नं. ५, ७, ८, का जग्गाहरु प्रतिरोपनी **रु.५०,०००।(**

घ) अन्य ग्रामिण शाखा सडक आसपासका जग्गाको भित्र प्रतिरोपनी ( सडक बाट ३० मि. सम्म)**रु.१००,०००।(**

□) ग्रामिण सडक भन्दा बाहेकका र ३० मिटर पछाडिका अन्य सम्पुर्ण कृषि योग्य जग्गाहरु **रु.१५,०००।**

**१.२) वडा नं. २ (साविक बूढिमोर□ गा.वि.स. वडा नं.)**

क) लावरवोटे बूढीमोर□ फाक्सीव डााडाबजार सडकले छोएको ३० मिटरसम्मका जग्गाहरु प्रति रोपनी

रु.२०००००।

क१) लावरवोटे बूढीमोर□ फाक्सीव डााडाबजार सडकले छोएको ३० मिटर पछाडिका जग्गाहरु प्रति रोपनी

रु.५०,०००।

ख) तूम्देन चौक आसपासका जग्गाहरु प्रति रोपनी

रु.३,००,०००।

ग) तूम्देन चौक आसपास देखि बाहेक दानावारी तोरीवारी हुंदै कमूवा खोला सडकले छोएको ३० मिटरसम्मका जग्गाहरु प्रति रोपनी

रु. १,५०,०००।

ग१) तूम्देन चौक आसपास देखि बाहेक दानावारी तोरीवारी हुंदै कमूवा खोला सडकले छोएको ३० मिटर पछाडिका जग्गाहरु प्रति रोपनी

रु. ३०,०००।

घ) मध्ये चौविसे सडकले छोएका ३० मिटरसम्मका जग्गाहरु प्रतिरोपनी रु. २,००,०००।

**घ१**) मध्ये चौविसे सडकले छोएका ३० मिटर पछाडिका जग्गाहरु प्रतिरोपनी रु. ३०,०००।

□) भित्री सडकले छोएका कृषि क्षेत्रका जग्गाहरु

रु. ३०,०००।

**च**) भित्री सडकले नछोएको अन्य सम्पुर्ण जग्गाहरु **रु. १५,०००।**

**१.३) वडा नं. ३ खूवाफोक क्षेत्र**

क) मादेन (सुवेदार लाखध्वज चौक) आसपासका जग्गाहरु प्रतिरोपनी ( सडकबाट ३० मी सम्मको हकमा)

रु.४,००,०००।

क१) मादेन (सुवेदार लाखध्वज चौक) आसपासका जग्गाहरु प्रतिरोपनी (सडकबाट ३० मी पछाडिको हकमा)

रु.१,००,०००।

ख) मध्य चौविसे सडकको ३० मिटरसम्मका जग्गाहरु (सिम्सूवा मादेन वेशिटोल आसपासका जग्गाहरु

रु.२,००,०००।

ख१)मध्य चौविसे सडकको ३० मिटर पछाडिका जग्गाहरु (सिम्सूवा मादेन वेशिटोल आसपासका जग्गाहरु

**रु.३०,०००।**

ग) कूशेटार काबेली सडक आसपासको ३० मिटर सम्मका जग्गाहरु **रु.३०,०००।**

घ) डांडाबजार मादेन चोक सम्म सडक आसपासको ३० मिटर सम्मका जग्गाहरु प्रति रोपनी

**रु.२००,०००।**

घ१) डांडाबजार मादेन चोक सम्म सडक आसपासको ३० मिटर पछाडिका जग्गाहरु प्रति रोपनी

**रु.५०,०००।**

□) मादेन चोक देखि याक्चाना सम्म सडक आसपासको ३० मिटर सम्मका जग्गाहरु प्रति रोपनी

**रु.३०,०००।**

च) माथि उल्लेखित बाहेक अन्य जग्गाहरु प्रतिरोपनी

**रु.१५,०००।**

**<u>१.४) वडा नं. ४ (फाक्सीव)</u>**

क) डांडा बजार मोहन चौक फाक्सीव मुलघाट सडकले छोएका ३० मिटरसम्मका जग्गाहरु प्रतिरोपनी

**रु.२,००,०००।**

क१)डांडा बजार मोहन चौक फाक्सीव मुलघाट सडकले छोएका ३० मिटर पछाडिका जग्गाहरु प्रतिरोपनी

**रु.५०,०००।**

ख) उल्लेखित सडकले छोएका जग्गाहरु बाहेक ग्रामिण सडकले छोएका जग्गाहरु प्रतिरोपनी

**रु.३०,०००।**

ग) ग्रामिण सडकले नछोएका अन्य सम्पुर्ण कृषि योग्य जग्गाहरु **रु.१५,०००।(**

**<u>१.५) वडा नं.५ (डांडाबजार क्षेत्र)</u>**

क) साविक डांडावजार गा.वि.स. वार्ड नं. १ डाडाबजार मादेन सडकको डाडाबजार बस पार्क देखि आदर्श बस्ती ३० मिटर सम्मका जग्गाहरु प्रतिरोपनी रु.९,००,०००।(

क१) साविक डांडावजार गा.वि.स. वार्ड नं. १ डाडाबजार मादेन सडकको डाडाबजार बस पार्क देखि आदर्श बस्ती ३० मिटर पछाडिका कित्ताहरुको प्रतिरोपनी रु.२,२५,०००।(

ख) साविक डांडावजार गा.वि.स. वार्ड नं. १ डाडाबजार मादेन सडकको आदर्श बस्ती देखि मानेडाडा सम्म ३० मिटर सम्मको जग्गाहरु प्रति रोपनी रु. ५०००००।००

ख१) साविक डांडावजार गा.वि.स. वार्ड नं. १ डाडाबजार मादेन सडकको आदर्श बस्ती देखि मानेडाडा सम्म ३० मिटर पछाड्किो जग्गाहरु प्रति रोपनी रु. १२५०००।००

ग) आदर्श बस्ती देखि प्रा.स्वा.के. सम्म जाने बाटो आसपास ३० मिटर आसपासका जग्गाहरु प्रति रोपनी रु. ५००,०००।००

ग१) आदर्श बस्ती देखि प्रा.स्वा.के. सम्म जाने बाटो आसपास ३० मिटर पछाडिका जग्गाहरु प्रति रोपनी रु. १२५,०००।००

घ) सामूदायीक भवन देखि डांडाबजार NCELL टावर जाने बाटोको ३० मिटर क्षेत्रका जग्गाहरु प्रतिरोपनी रु.४,००,०००।(

घ१) सामूदायीक भवन देखि डांडाबजार NCELL टावर क्षेत्रका ३० मिटर पछाडिका जग्गाहरु प्रतिरोपनी रु.१००,०००।

□) डांडाबजार खूवाफोक याक्चाना सडकको NTC टावर अगाडि मानेडांडा सम्मका ३० मिटरसम्मका जग्गाहरु प्रतिरोपनी रु.३,००,०००।

□१) डांडाबजार खूवाफोक याक्चना सडकको NTC टावर अगाडि मानेडांडासम्मका ३० मिटर पछाडिका जग्गाहरु प्रतिरोपनी रु.७५,०००।

च) लाप्चेटार क्षेत्र सडक आसपास ३० मिटर सम्मका जग्गाहरु प्रतिरोपनी रु.२,००,०००।

च१) लाप्चेटार क्षेत्र सडक आसपास ३० मिटर पछाडिका जग्गाहरु प्रतिरोपनी

रु.

५०,०००।००

छ) उल्लेखित जग्गाहरु बाहेक भित्री ग्रामिण सडकले छोएको ३० मिटर सम्मका जग्गाहरु प्रतिरोपनी **रु.५०,०००।**

ज) ग्रामिण सडकले नछोएका अन्य कृषि योग्य जग्गाहरु प्रतिरोपनी **रु. १५,०००।**

झ) ग्रामिण सडकले नछोएका तथा अन्य भिरपाखा जग्गाहरु प्रतिरोपनी **रु. १५,०००।**

**१.६) वडा नं. ६ (साविक कार्कीछाप गा.वि.स.)**

क) साविक कार्कीछाप गा.वि.स. वडा नं. १ को कोशी राजमार्गले छोएको ३० मिटरसम्मका जग्गाको प्रतिरोपनी **रु.७,००,०००।(**

क१) साविक कार्कीछाप गा.वि.स. वडा नं. १ को कोशी राजमार्गले छोएको ३० मिटर पछाडिका जग्गाको प्रतिरोपनी **रु.२,५०,०००।(**

ख) कार्कीछाप गा.वि.स. वडा नं. ३ भेडेटार कोशी राजमार्ग सडक ३० मिटरसम्म दांया वांयाका जग्गाको प्रति रोपनी **रु.१०,००,०००।(**

ख१) कार्कीछाप गा.वि.स. वडा नं. ३ भेडेटार धनकूटा कोशी राजमार्ग सडक ३० मिटर पछाडिका जग्गाको प्रति रोपनी **रु.२,५०,०००।**

ग) वडा नं. ३ को भित्री सडकले छूने ३० मिटरसम्मका जग्गाहरु प्रति रोपनी **रु. २,००,०००।**

घ) वडा नं. ३ को भित्री सडकले नछूने ३० मिटर पछाडिका जग्गाहरु प्रति रोपनी **रु. ५०,०००।**

□) साविक कार्कीछाप गा.वि.स. वडा नं. ४ का कोशी राजमार्ग सडकले छोएका ३० मिटर सम्मका जग्गाहरु प्रति रोपनी **रु.१०,००,०००।**

□१) साविक कार्कीछाप गा.वि.स. वडा नं. ४ का कोशी राजमार्ग पक्की सडकले छोएका ३० मिटर पछाडिका जग्गाहरु प्रति रोपनी **रु.२,५०,०००।**

च) साविक कार्किछाप वडा नं. ४ को कच्ची भित्री सडकले छोएको ३० मिटरसम्मका जग्गाहरुको प्रतिरोपनी **रु.५,००,०००।(**

च१) साविक कार्किछाप वडा नं. ४ को कच्ची भित्री सडकले छोएको ३० मिटर पछाडिका जग्गाहरुको प्रतिरोपनी **रु.१,२५,०००।(**

छ) साविक कार्कीछाप गा.वि.स. वडा नं. ४ भेडेटार सागूरीगढी महाभारत सडकले छोएका ३० मिटर सम्मका जग्गाहरुको प्रति रोपनी **रु. ७,००,०००।(**

छ१) साविक कार्कीछाप गा.वि.स. वडा नं. ४ भेडेटार सागूरीगढी महाभारत सडकले छोएका जग्गाहरुको प्रतिरोपनी **रु.१,७५,०००।(**

ज) कार्कीछाप वडा नं. ४ को भित्री सडकले नछूने अन्य जग्गाहरु प्रति रोपनी **रु.२०,०००।**

झ) साविक कार्कीछाप गा.वि.स. ५ (भेडेटार बजार क्षेत्र कोशी राजमार्ग आसपास) का पक्की सडकले छोएका ३० मिटरसम्मका जग्गाहरुको प्रतिरोपनी **रु.५०,००,०००।(**

ञ१) साविक कार्कीछाप गा.वि.स. ५ (भेडेटार बजार क्षेत्र कोशी राजमार्ग आसपास) पक्की सडकले छोएका ३० मिटर देखि १०० मिटर सम्मका कित्ताहरुको प्रतिरोपनी

**रु. १२,५०,०००।(**

ञ२) साविक कार्कीछाप गा.वि.स. ५ (भेडेटार बजार क्षेत्र कोशी राजमार्ग आसपास) पक्की सडकले छोएका १०० मिटर पछाडिको कित्ताहरुको प्रतिरोपनी **रु. ३१२,५००।(**

ट) साविक कार्कीछाप गा.वि.स. वडा नं. ५ काम्फेक राजारानी सडक लाईनको दांयां वांया ३० मिटर भित्रका पाइलटको घर सम्मका जग्गाहरुको प्रतिरोपनी

रु. २१,००,०००।(

ट१) साविक कार्कीछाप गा.वि.स. वडा नं. ५ काम्फेक राजारानी सडक लाईनको दांयां वांया ३० मिटर देखि १०० मिटर सम्मको पाइलटको घर सम्मका कित्ताहरुको प्रतिरोपनी

रु.६,२५,०००।(

ट२) साविक कार्कीछाप गा.वि.स. वडा नं. ५ काम्फेक राजारानी सडक लाईनको दांयां वांया १०० मिटर देखि पछाडिको पाइलटको घर सम्मका कित्ताहरुको प्रतिरोपनी

रु. १५६,२५०।(

ठ) भेडेटार रि□रोडले छोएका ३० मिटर भित्रका जग्गाहरु प्रति रोपनी **रु.१०,००,०००।**

ठ१)भेडेटार रि□रोडले छोएका ३० मिटर पछाडिका जग्गाहरुभित्रका जग्गाहरु प्रति रोपनी

**रु.२५०,०००।**

**ड)** एक्लेटार जाने सडकले छुने ३० मिटर भित्रका जग्गाहरु प्रतिरोपनी **रु.२,००,०००।(**

**ड१)** एक्लेटार जाने सडकले छुने ३० मिटर पछाडिका जग्गाहरु प्रतिरोपनी **रु.५०,०००।(**

ढ) साविक कार्कीछाप वडा नं. ५ (भेडेटार क्षेत्र भित्र) को सडकले नछुने जग्गाहरु प्रति रोपनी **रु.४०,०००।**

ण) पाइलटको घरदेखि कन्यापोखरी सम्म दायाबाया सडकले छुने ३० मिटरभित्रका जग्गाको प्रति रोपनी

रु.१०,००,०००।(

ण१)पाइलटको घरदेखि कन्यापोखरी सम्म दायाबाया सडक छुने ३० मिटर पछाडिका जग्गाको प्रतिरोपनी

रु.२५०,०००।(

त).नाम्जे थूम्की क्षेत्रको भेडेटार राजारानी सडक देखि माथिको भित्री सडकले छुने ३० मिटरभित्रका जग्गाहरु प्रति रोपनी

**रु.३,००,०००।**

त१)नाम्जे थूम्की क्षेत्रको भेडेटार राजारानी सडक देखि माथिको भित्री सडकले छुने ३० मिटर पछाडिका जग्गाहरु प्रति रोपनी

**रु.७५,०००।**

थ) नाम्जे थूम्की क्षेत्रको भेडेटार राजारानी सडक देखि गैह्रीटोल□जिमीगाउ बरगाछी सम्म सडकले छुने ३० मिटर भित्रका जग्गाहरु प्रति रोपनी **रु.१५०,०००।**

थ१) नाम्जे थूम्की क्षेत्रको भेडेटार राजारानी सडक देखि तलको भित्री सडकले छुने ३० मिटर पछाडिका जग्गाहरु प्रति रोपनी

**रु.३७,५००।**

द) धारापानी क्षेत्रको जग्गाहरु प्रति रोपनी **रु.२०,०००।**

ध) मजूवा मूक्तेन जिमीगाउ ओलनटार गूर्धूम कांकूले, झ्याउरे, थूम्की तल कोलबोटे क्षेत्रको जग्गाहरु, साथै अन्य भीर पहरा भएको, बगर जग्गाहरु प्रति रोपनी **रु.१५,०००।**

**<u>१.७) वडा नं. ७ (साविक महाभारत गा.वि.स.)</u>**

क) कोशी राजमार्गले छोएको ३० मिटरसम्मका जग्गाहरु प्रतिरोपनी **रु. ५,००,०००।**

क१) कोशी राजमार्गले छोएको ३० मिटर पछाडिका जग्गाहरु प्रतिरोपनी **रु.१२५,०००।**

ख) गोलखाडी क्षेत्र आसपासका सडकबाट ३० मिटर सम्मका जग्गाहरु प्रतिरोपनी **रु. १,००,०००।**

ख१) गोलखाडी क्षेत्र आसपासका सडकबाट ३० मिटर पछाडिका जग्गाहरु प्रतिरोपनी **रु. २०,०००।**

ग) कोलबोटे धारापानी हुँदै गोलखाडी क्षेत्रसम्म कृषि सडकले छोएका ३० मिटरसम्मका जग्गाहरु प्रतीोपनी **रु.१,००,०००।**

**ग१)**कोलबोटे धारापानी हुँदै गोलखाडी क्षेत्रसम्म कृषि सडकले छोएका ३० मिटर पछाडिका जग्गाहरु प्रतिरोपनी**रु.३०,०००।**

ग) छिनामचौक आसपासका सडकले छुने जग्गाहरु प्रतिरोपनी **रु. ५०,०००।**

घ) आसकोट क्षेत्रका जग्गाहरु प्रतिरोपनी **रु. ५०,०००।**

ङ) डडुवा क्षेत्रका जग्गाहरु प्रतिरोपनी **रु. ५०,०००।**

च) माथि उल्लेख भएका जग्गाहरु बाहेक कृषि योग्य तथा अन्य जग्गाहरु प्रतिरोपनी **रु. १५,०००।**

**<u>१.८ वडा नं. ८ (साविक लूखा गा.वि.स.)</u>महाभारत**

क) भेडेटार महाभारत आहाले वराहक्षेत्र ग्रामिण सडकको ३० मिटर आसपासका जग्गाहरु प्रतिरोपनी

रु.१,००,०००।(

**क१)** भेडेटार महाभारत आहाले वराहक्षेत्र ग्रामिण सडकको ३० मिटर आसपासका जग्गाहरु प्रतिरोपनी

रु.२५,०००।(

ख) कोलवोटे लूखा केरावारी कोकाहा ग्रामिण सडकको ३० मिटर आसपासका जग्गाहरु प्रतिरोपनी

रु.१,००,०००।

ग) क र ख मा उल्लेखित३० मिटर क्षेत्रपछाडिका जग्गाहरु प्रतिरोपनी **रु.२५,०००।**

घ) क, ख र ग मा उल्लेखित जग्गाहरु बाहेक अन्य कृषि योग्य जग्गाहरु प्रतिरोपनीरु. **१५,०००।**

**१.९) वडा नं. ९ (साविक आहाले )**

क)साविक आहाले गा.वि.स. हाल वडा नं. ९ अन्तरगत ग्रामिण सडकले छोएका ३० मिटरसम्मका जग्गाहरु प्रतिरोपनी

रु.१,००,०००।

ख) ग्रामिण सडकले नछोएका र ३० मिटर पछाडिका अन्य सम्पूर्ण कृषि जग्गाहरु **रु.३०,०००।**

**१.१०) वडा नं. १० (साविक आहाले गा.वि.स. वडा नं. )**

क) साविक आहाले गा.वि.स. हाल वडा नं. १० अन्तर्गत ग्रामिण सडकले छोएका ३० मिटरसम्मका जग्गाहरु प्रतिरोपनी

रु. ५०,०००।

ख) ग्रामिण सडकले नछोएका र ३० मिटर पछाडिका अन्य सम्पूर्ण कृषि जग्गाहरु जग्गाहरु

रु. १५,०००।

## एकिकृत सम्पति करको दर

| देखि | सम्म | कर रकम रु. | कैफियत |
|---|---|---|---|
| रु. १ | रु. ५ लाख | १०० | |
| रु. ५ लाख माथि | रु. १० लाख | २०० | |
| रु. १० लाख माथि | रु. १५ लाख | २५० | |
| रु. १५ लाख माथि | रु. २० लाख | ३०० | |
| रु. २० लाख माथि | रु. २५ लाख | ३५० | |
| रु. २५ लाख माथि | रु. ३० लाख | ४०० | |

| | | | |
|---|---|---|---|
| रु. ३० लाख माथि | रु. ४० लाख | ५०० | |
| रु. ४० लाख माथि | रु. ५० लाख | ७५० | |
| रु. ५० लाख माथि | रु. ६० लाख | १००० | |
| रु. ६० लाख माथि | रु. ७० लाख | १५०० | |
| रु. ७० लाख माथि | रु. ८० लाख | २००० | |
| रु. ८० लाख माथि | रु. ९० लाख | २५०० | |
| रु. ९० लाख माथि | रु. १ करोड | ३००० | |
| रु. १ करोड माथि | रु. १ करोड ५० लाख | ५००० | |
| रु. १ करोड ५० लाख माथि | रु. २ करोड | १०००० | |
| रु. २ करोड माथि | रु. ३ करोड | १५००० | |
| रु. ३ करोड माथि | रु. ५ करोड | २०००० | |
| रु. ५ करोड माथि | | ५०००० | |

२. सम्पति कर प्रयोजनका लागि संरचना मूल्यांकनको आधार :

| सि.नं. | घरको प्रकार | व्यापारिक / आवासिय / ग्रामिण क्षेत्रमा प्र.व.फिट | कैफियत |
|---|---|---|---|
| १. | आर.सि.सि घर | ८५०।० | |
| २. | सिमेन्टको जोडाईमा इटा वा ढुंगाको भार वहन क्षमता भएको ग्राहो भएको घर | ७००।० | |
| ३. | सिमेन्टको जोडाईमा इटा वा ढुंगाको ग्राहो भएको जस्ता वा टालीको छाना भएको घर | ४००।० | |

| | | | |
|---|---|---|---|
| ४ | ढुंगा माटोको गारो भएको टिनको छाना भएको घर | ३५०।० | |
| ५ | ढुंगा माटोको गारो भएको टिनको फुसको छाना भएको घर | ३००। | |
| ६. | काठको खम्बा र इटाले घेरेको जस्ता वा टालीको छाना भएको घर | २५०।० | |
| ७. | काठै काठबाट बनेको जस्ताको छाना भएको घर | २००।० | |
| ८. | बासको बेरा भएको टिन बा टाली वा खरको छाना भएको घर | १५०।० | |
| ९. | ढुंगा वा इँटाको पर्खाल प्रति रनिङफिट रु. | ६०।० | |

- आर्थिक वर्षको अन्त सम्म सम्पत्ति कर नबुझाई बक्यौता रहन गएमा बक्यौता रहन गएको सबै रकममा पहिलो बर्षको बक्यौता रहेमा १० प्रतिशत, दोस्रो बर्षको बक्यौता रहेमा २० प्रतिशत, तेस्रो बर्षको बक्यौता रहेमा ३० प्रतिशत,चौथा बर्षको बक्यौता रहेमा ४० प्रतिशत, पाँचौ बर्षको बक्यौता रहेमा ५० प्रतिशत र सो भन्दा माथि बक्यौता रहेमा ६० प्रतिशत जरिवाना सहित अशुल उपर गरिनेछ ।

## अनुसूचि २
## (दफा ३ सँग सम्बन्धीत)

साँगुरीगढी गाउँपालिकाले आफ्नो क्षेत्र भित्र आ.ब. २०७५/०७६ मा अशुल उपर गर्ने मालपोत र बक्यौता रकम गत आ.व. २०७४।७५ मा वडाहरुले अशुल गरिरहेको दररेट बमोजिम नै अशुल उपर हुनेछ ।

## अनुसूचि ३
(दफा ४ सँग सम्बन्धित)

साँगुरीगढी गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा देहाय अनुसार घर जग्गा वहाल कर लगाईने र असुल गरिनेछ ।

| | घरवहाल कर | कैफयत |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसुचि सम्झौता रकमको १०(दश) प्रतिशतका दरले घर जग्गा वहाल कर लगाईने र असुल गरिनेछ । | |

## अनुसूचि ४
## (दफा ५ सँग सम्बन्धीत)

साँगुरीगढी गाउँपालिकाका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा देहाय बमोजिम व्यवसाय कर लागाइने र असुल उपर गरिनेछ ।

| सि.नं. | कारोवारको नाम | करको दर (दर्ता तथा वार्षिक नविकरण शुल्क) | कैफियत |
|---|---|---|---|
| १ | खूद्रा किराना पसल | १०००।०० क श्रेणी | |
| | | ८००।०० ख श्रेणी | |
| | | ६००।०० ग श्रेणी | |
| २ | थोक किराना पसल | २०००।०० | |
| ३ | चिया नास्ता पसल | ६००।०० क श्रेणी | |
| | | ४००।०० ख श्रेणी | |
| ४ | मासू पसल | १०००।०० क श्रेणी | |
| | | ५००।०० ख श्रेणी | |
| ५ | होटल एण्ड लज | १००००।०० (स्टार होटल) | |
| | | ४५००।०० (१० कोठा भन्दा माथिको) | |

| | | | |
|---|---|---|---|
| | | ३०००।०० (१० कोठा सम्मको) | |
| ६ | होटल तथा रेष्टूरेण्ट | २०००।०० क श्रेणी | |
| | | १५००।०० ख श्रेणी | |
| | | १०००।०० ग श्रेणी | |
| ७ | रिसोर्ट | ४०००।०० क श्रेणी | |
| | | ३०००।०० ख श्रेणी | |
| | | १५००।०० ग श्रेणी | |
| ८ | कपडा पसल | २०००।०० क श्रेणी | |
| | | १५००।०० ख श्रेणी | |
| | | १०००।०० ग श्रेणी | |
| ९ | फेन्सी तथा तयारी पोसाक | २०००।०० क श्रेणी | |
| | | १०००।०० ख श्रेणी | |
| | | १२००।०० ग श्रेणी | |
| १० | निर्माण सामाग्री तथा हार्डवेयर | ५०००।०० क श्रेणी | |
| | | ३५००।०० ख श्रेणी | |
| ११ | | १५००।०० क श्रेणी | |

| | | | |
|---|---|---|---|
| | ग्रिल/आल्मूनियम उद्योग मर्मत तथा निर्माण | १०००।०० ख श्रेणी | |
| १२ | मोटरसाईकल मर्मत | १०००।०० क श्रेणी | |
| | | ५००।०० ख श्रेणी | |
| १३ | बस, ट्रक, जीप, कार मर्मत गर्ने वर्क शप | २०००।०० क श्रेणी | |
| | | १५००।०० ख श्रेणी | |
| १४ | टिभी, मोबाईल, फ्रिज मर्मत | ५००।०० | |
| १५ | रिक्सा साईकल मर्मत | निशूल्क | |
| १६ | सवारी साधन सर्भिसिङ | १०००।०० | |
| १७ | टि.भी.,घडी रेडियो क्यासेट बिक्री, मोबाइल तथाइलेक्ट्रोनिक्स बिक्री पसल | १०००।०० क श्रेणी | |
| | | ५००।०० ख श्रेणी | |
| १८ | टेलिभिजन बिक्री | १५००।०० क श्रेणी<br>१०००।०० ख श्रेणी | |
| १९ | गाडिको टायर ट्युब मर्मत | ५००।०० | |
| २० | अन्य विविध मर्मत | ५००।०० | |
| २१ | किचेनका सामान / भाडा वर्तन पसल | १०००।०० क श्रेणी | |
| | | ५००।०० ख श्रेणी | |

| | | | |
|---|---|---|---|
| २२ | सून चांदीको गहना बनाउने पसल | ३५००।०० क श्रेणी | |
| | | २५००।०० ख श्रेणी | |
| | | १५००।०० ग श्रेणी | |
| २३ | पत्रिका तथा पुस्तक पसल | १२००।०० क श्रेणी | |
| | | १०००।०० ख श्रेणी | |
| २४ | फोटो स्टूडियो | १०००।०० क श्रेणी | |
| | | ५००।०० ख श्रेणी | |
| २५ | फोटोकपी टेलिफोन तथा कूरियर्स सेवा | १०००।०० क श्रेणी | |
| | | ५००।०० ख श्रेणी | |
| २६ | कम्प्यूटर प्रशिक्षण केन्द्र | २०००।०० क श्रेणी | |
| | | १०००।०० ख श्रेणी | |
| २७ | जूत्ता चप्पल पसल | १५००।०० क श्रेणी | |
| | | १०००।०० ख श्रेणी | |
| | | ५००।०० ग श्रेणी | |
| २८ | कपडा पसल सहित जूत्ता चप्पल पसल | २०००।०० क श्रेणी | |
| | | १५००।०० ख श्रेणी | |

| | | | |
|---|---|---|---|
| | | ५००।०० ग श्रेणी | |
| २९ | सैलून | १०००।०० क श्रेणी | |
| | | ८००।०० ख श्रेणी | |
| ३० | फर्निचर पसल | २५००।०० क श्रेणी | |
| | | २०००।०० ख श्रेणी | |
| | | १५००।०० ग श्रेणी | |
| ३१ | पान पसल | ५००।०० | |
| ३२ | टेलर्स | १५००।०० क श्रेणी | |
| | | १०००।०० ख श्रेणी | |
| | | ५००।०० ग श्रेणी | |
| ३३ | औषधी पसल | १५००।०० क श्रेणी | |
| | | १०००।०० ख श्रेणी | |
| ३४ | तरकारी/फलफूल पसल | १०००।०० क श्रेणी | |
| | | ८००।०० ख श्रेणी | |
| | | ५००।०० ख श्रेणी | |
| ३५ | कस्मेटिक पसल | १०००।०० क श्रेणी | |

| | | | |
|---|---|---|---|
| | | ८००।०० ख श्रेणी | |
| ३६ | औषधी सहित क्लीनक | ३०००।०० क श्रेणी | |
| | | २०००।०० ख श्रेणी | |
| ३७ | अस्पताल/पोलिक्लिनिक | ५०००।०० क श्रेणी | |
| | | ३५००।०० ख श्रेणी | |
| ३८ | छापाखाना | २०००।०० | |
| ३९ | मदिरा पसल | २५००।०० क श्रेणी | |
| | | २०००।०० ख श्रेणी | |
| | | १०००।०० ग श्रेणी | |
| ४० | चूरोट, सुर्तिजन्य पदार्थ बिक्री | १०००।०० | |
| ४१ | कोल्ड ड्रिङ्स | १०००।०० | |
| ४२ | टि.भि. च्यानल प्रशारण केन्द्र | ५०००।०० | |
| ४३ | केबल च्यालन प्रसारण केन्द्र | २५००।०० | |
| ४४ | सेक्युरिटि सेवा | २०००।०० | |
| ४५ | ब्युटिपार्लर तालिम केन्द्र | १०००।०० | |
| ४६ | | १५००।०० क श्रेणी | |

| | | | |
|---|---|---|---|
| | कस्मेटिक सहित ब्युटिपार्लर पसल | १०००।०० ख श्रेणी | |
| | | ५००।०० ग श्रेणी | |
| ४७ | पूल स्नुकर हाउस | १५००।०० | |
| ४८ | विभिन्न सामानको अधिकृत विक्रेता डिलर | ३५००।०० क श्रेणी | |
| | | २५००।०० ख श्रेणी | |
| | | १५०० ग श्रेणी | |
| ४९ | पेट्रोल पम्प | ६०००।०० | |
| ५० | हस्तकला सामानको पसल | ५००।०० क श्रेणी | |
| ५१ | कुटन पिसन मिल | १०००।०० क श्रेणी | |
| | | ५००।०० ख श्रेणी | |
| ५२ | डिपार्टमेन्ट पसल | ५०००।०० क श्रेणी | |
| | | ३०००।०० ख श्रेणी | |
| | | १०००।०० ग श्रेणी | |
| ५३ | गिफ्ट तथा फोटो फ्रेम पसल | १०००।०० क श्रेणी | |
| | | ५००।०० ख श्रेणी | |
| ५४ | जडिबूटि खरिद बिक्री पसल | ५००।०० | |

| | | | |
|---|---|---|---|
| ५५ | बिस्कूट तथा पाउरोटी उद्योग | १५००।०० क श्रेणी | |
| | | १०००।०० ख श्रेणी | |
| | | ५००।०० ग श्रेणी | |
| ५६ | नुडल्स उद्योग | १५००।०० क श्रेणी | |
| | | १०००।०० ख श्रेणी | |
| | | ५००।०० ग श्रेणी | |
| ५७ | घरेलू उद्योग (कपडा, सूइटर, ऊन, वेतवास, बासका सामानहरु तयारी) | १०००।०० क श्रेणी | |
| | | ५००।०० ख श्रेणी | |
| ५८ | पोल्ट्री फार्म | १०००।०० क श्रेणी | |
| | | ५००।०० ख श्रेणी | |
| ५९ | विरुवा नर्सरी | १०००।०० क श्रेणी | |
| | | ५००।०० ख श्रेणी | |
| ६० | खूकूरी उद्योग | १०००।०० क श्रेणी | |
| | | ५००।०० ख श्रेणी | |
| ६१ | दूध डेरी | १०००।०० क श्रेणी | |
| | | ५००।०० ख श्रेणी | |

| | | | |
|---|---|---|---|
| ६२ | संचार टावर प्रति टावर | ५०००।०० क श्रेणी | |
| | | ३०००।०० ख श्रेणी | |
| ६३ | जग्गा विकास कम्पनी | १०,०००।०० | |
| ६४ | अगर बत्ती उद्योग | १०००।०० क श्रेणी | |
| | | ८००।०० ख श्रेणी | |
| | | ५००।०० ग श्रेणी | |
| ६५ | कृषि भेटनरी पसल | २०००।०० क श्रेणी | |
| | | १०००।०० ख श्रेणी | |
| | | ५००।०० ग श्रेणी | |
| ६६ | मेन पावर एजेन्सी | ५०००।०० | |
| ६७ | गाडिको सो रुम | १०,०००।०० | |
| ६८ | मोटरसाइकलको शोरुम | ३५००।०० | |
| ६९ | ग्यांस डिपो | १५००।०० क श्रेणी | |
| | | १०००।०० ख श्रेणी | |
| ७० | दालमोठ उद्योग | १०००।०० क श्रेणी | |
| | | ५००।०० ख श्रेणी | |
| ७१ | मसला उद्योग | १०००।०० क श्रेणी | |

| | | | |
|---|---|---|---|
| | | ५००।०० ख श्रेणी | |
| ७२ | प्लाईउड उद्योग | २५००।०० क श्रेणी | |
| | | २०००।०० ख श्रेणी | |
| ७३ | फर्निचर समिल | ३५००।०० क श्रेणी | |
| | | २०००।०० ख श्रेणी | |
| | | १०००।०० ग श्रेणी | |
| ७४ | मिनरल वाटर उद्योग | ३५००।०० क श्रेणी | |
| | | ३०००।०० ख श्रेणी | |
| ७५ | अचार उद्योग | ५००।०० क श्रेणी | |
| | | २००।०० ख श्रेणी | |
| ७६ | भेनियर उद्योग | ३५००।०० क श्रेणी | |
| | | ३०००।०० ख श्रेणी | |
| ७७ | कानुनी तथा प्राविधिक कन्सल्टेन्सी | २५००।०० क श्रेणी | |
| | | २०००।०० ख श्रेणी | |
| ७८ | निर्माण व्यवसायी प्रधान कार्यालय भए शाखा कार्यालय | २५००।०० क श्रेणी | |
| | | १५००।०० ख श्रेणी | |

| | | | |
|---|---|---|---|
| ७९ | कृषि उपज खरिद बिक्री व्यवसाय | १०००।०० क श्रेणी | |
| | | ५००।०० ख श्रेणी | |
| ८० | एग्रो फार्म उद्योग | ५००।०० | |
| ८१ | बाणिज्य बैंक शाखा कार्यालय | ५०००।०० | |
| ८२ | विकास बैंक शाखा कार्यालय | ४०००।०० | |
| ८३ | लघू वित्त विकास बैंक | ३५००।०० | |
| ८४ | फाइनान्स, वित्तीय सहकारी संस्था | २०००।०० | |
| ८५ | विमा कम्पनीहरु | २०००।०० | |
| ८६ | मनी ट्रान्सफर | २०००।०० | |
| ८७ | अन्य सहकारी संस्थाहरु | १५००।०० | |
| ८८ | निजी मन्टेस्वरी | १५००।०० | |
| ८९ | निजी विद्यालय १ देखि ३ सम्म | २,०००।०० | |
| ९० | निजी विद्यालय १ देखि ५ सम्म | ३,०००।०० | |
| ९१ | निजी विद्यालय १ देखि ८ सम्म | ५,०००।०० | |
| ९२ | निजी विद्यालय १ देखि १२ सम्म | १०,०००।०० | |
| ९३ | निजी कलेज | १५०००।०० | |

## अनुसूचि ५
## (दफा ६ सँग सम्बन्धीत
## जडिबुटि, कवाडी र जिवजन्तु कर

साँगुरीगढी गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटि, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला, जस्ता बस्तुको व्यवसायिक कारोबार गरेबापत देहाय बमोजिमको कर लागाईने र असुल उपर गरिनेछ ।

| सि.नं. | विवरण | दर रेट ( वार्षिक) | कैफियत |
|---|---|---|---|
| १ | ऊन, खोटो, जडिबुटि, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला, जस्ता बस्तु | ३००० | |
| २ | कवाडी कर | ५००० | |

## अनुसूचि ६
## (दफा ७ सँग सम्बन्धित)
## सवारी साधन कर

साँगुरीगढी गाउँपालिकाका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ ।

| सि.नं. | सवारी साधनको नाम | दर रेट | कैफियत |
|---|---|---|---|
| १ | टाँगा | ००। | |
| २ | रिक्सा | ३००। | |
| ३ | अटो रिक्सा | ४००। | |
| ४ | विद्युतीय रिक्सा(इ-रिक्सा) | ५००।० | |
| ५ | सिटि रिक्सा नविकरण | २५०।० | |
| | सिटि रिक्सा नामसारी | ५००।० | |
| | पावर ट्रिलर | ५०० | |

## अनुसूचि ७
## (दफा ८ सँग सम्बन्धीत)
## विज्ञापन कर

साँगुरीगढी गाउँपालिकाका क्षेत्रभित्र हुने विज्ञापनमा देहाय बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| १ | होडिंग वोर्ड मुख्य सडकहरू प्रति वर्ग फिट | २० |
| २ | होडिंग वोर्ड मुख्य सडक संग जोडिएका शाखा सडकहरू प्रति वर्ग फिट | १५ |
| ३ | होडिंग वोर्ड अन्य साखा सडक प्रति वर्ग फिट | १० |
| ४ | फ्ल्यास वोर्ड प्रति वर्ग फिट | १० |
| ५ | माथि उल्लेखित प्रकरण बाहेकका हकमा प्रति वर्ग फिट | १० |
| ६ | व्यानर प्रति २ हप्ता | ५०० |
| ७ | व्यानर व्यापारीक प्रति गोटा प्रति वर्ग फिट(दूई हप्ताकालागि) | २० |
| ८ | गेट राख्न गाउंपालिकाको स्वीकृति लिएर मात्र प्रति हप्ता | १००० |
| ९ | प्रचार प्रसार सिटी रिक्सा समेत बाट माईकिंग प्रतिदिन मात्र | ५० |
| १० | प्रचार प्रसार गाडिवाट प्रति दिन | १०० |

## अनुसूचि ९
## (दफा ९ सँग सम्बन्धीत)
## मनोरन्जन कर

साँगुरीगढी गाउँपालिकाका क्षेत्रभित्र हुने चलचित्र घर, हाट बजार, मेला, साँस्कृतिक प्रदर्शन हल, थिएटर र कन्सर्टमा प्रदेश कानूनले तोके अनुसार मनोरञ्जन व्यवसाय सेवामा कर संकलन गरिनेछ ।

## अनुसूचि १०
## (दफा १०सँग सम्बन्धीत)
## वहाल विटौरी कर

साँगुरीगढी गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेको हाट बजार वा पसलमा देहाय अनुसार वहाल बिटौरी कर असूल उपर गरि संकलन गरिने छ ।

| सि.नं. | वहाल विटौरी कर | दर रेट (वार्षिक) | कैफियत |
|---|---|---|---|
